# नेप्से फेरि २ हजार ६०० विन्दु तल

**अभियान संवाददाता**

काठमाडौं

आइतवार नेप्से परिसूचक शून्य दशमलव ७६ प्रतिशत घटेर २ हजार ५९५ दशमलव १० विन्दुमा बन्द भएको छ । यस दिन २ हजार ६१६ दशमलव २५ विन्दुसम्म पुगेको बजार २ हजार ५८८ दशमलव ७३ विन्दुसम्म झरेको थियो ।

आइतवार ४ अर्ब ५२ करोड रुपैयाँभन्दा बढीको १ करोड १२ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको छ । गत साताको अन्तिम कारोबार दिन बिहीवार ४ अर्ब ५७ करोड रुपैयाँभन्दा बढीको १ करोड १२ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको थियो ।

आइतवार ४३ कम्पनीको धितोपत्र मूल्य बढ्दा २०७ कम्पनीको धितोपत्र मूल्य भने घटेको छ । एसवाई प्यानल नेपालको शेयर मूल्य सर्वाधिक ९ दशमलव ९९ प्रतिशत बढेको छ । एसवाई प्यानल नेपालको शेयर मूल्य प्रतिकित्ता ६२ रुपैयाँ २० पैसाले बढेर ६८४ रुपैयाँ ८० पैसा कायम भएको छ । त्यसैगरी, १० दशमलव २५ प्रतिशत सिटिजन्स बैंक डिबेन्चर २०८६ नामक ऋणपत्रको मूल्य प्रतिकित्ता ९ दशमलव ८३ प्रतिशत बढेको छ । यस ऋणपत्रको मूल्य प्रतिकित्ता १११ रुपैयाँ ५० पैसाले बढेर १ हजार २४६ रुपैयाँ कायम भएको छ । त्यसैगरी, ९ प्रतिशत नेपाल एसबिआई बैंक ऋणपत्र २०८९ नामक ऋणपत्रको मूल्य प्रतिकित्ता ९ दशमलव २१ प्रतिशत बढेको छ । यस ऋणपत्रको मूल्य प्रतिकित्ता १०४ रुपैयाँ ९० पैसाले बढेर १ हजार २४४ रुपैयाँ कायम भएको छ । सर्वाधिक १० प्रतिशत मूल्य घटेको सिन्धु विकास बैंकको शेयर मूल्य प्रतिकित्ता ७९ रुपैयाँ ८० पैसाले घटेर ७१८ रुपैयाँ २० पैसा कायम भएको छ ।

आइतवार कुल कारोबारमा सर्वाधिक हिस्सा स्वस्तिक लघुवित्तले ओगटेको छ । स्वस्तिक लघुवित्तको १३ करोड ५ लाख रुपैयाँभन्दा बढीको ४४ हजारभन्दा बढी कित्ता शेयर कारोबार भएको छ । सर्वाधिक रकमको कारोबार भएको यस कम्पनीको शेयर मूल्य ६ दशमलव ३६ प्रतिशत घटेर अन्तिम मूल्य २ हजार ९०० रुपैयाँ कायम भएको छ ।

आइतवार म्युचुअल फण्ड बाहेकका सबै समूहगत परिसूचक घटेका छन् । म्युचुअल फण्डको सूचक भने शून्य दशमलव १९ प्रतिशत बढेको छ । यस दिन सर्वाधिक घट्ने परिसूचकमा होटल तथा पर्यटन समूह छ । उक्त समूहको सूचक १ दशमलव ६३ प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण घट्यो**

आइतवार बजार पूँजीकरण रू. ३३ अर्ब ४६ करोडले घट्दै रू. ४३ खर्ब ५७ अर्ब २३ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब ९० अर्ब ६९ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा आइतवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३९ दशमलव १६ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ७७ करोड ३५ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा जीवन बीमा समूह रहेको छ । उक्त समूहको रू. ५३ करोड ३९ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

आइतवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. ४५ करोड ११ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. २५ करोड ३२ लाख बराबरको धितोपत्र बिक्री भएको छ भने रू. १९ करोड ७९ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४२ रहेको छ । जसबाट आइतवारको बजारमा रू. ४२ करोड २६ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| एसवाई प्यानल नेपाल लिमिटेड | ६८४.८० | ९.९९ | सिन्धु विकास बैंक लिमिटेड | ७१८.२० | -१०.०० |
| १०.२५% सिटिजन्स बैंक डिबेन्चर २०८६ | १,२४६.०० | ९.८३ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १,१५०.१० | -७.५५ |
| ९% नेपाल एसबिआई बैंक ऋणपत्र २०८९ | १,२४४.०० | ९.२१ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ८२५.०० | -७.४५ |
| १०.२५% केबिएल डिबेन्चर २०८६ | १,२३४.०० | ८.६३ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १,५५०.०० | -६.६४ |
| तेह्रथुम पावर कम्पनी लिमिटेड | ३७८.७० | ८.२० | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,१०२.०० | -६.६१ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | १७७.३५ | ३९.१६ |
| २ | जीवन बीमा | ५३.३९ | ११.७९ |
| ३ | लघुवित्त | ४४.३४ | ९.७९ |
| ४ | विकास बैंक | ३९.३९ | ८.७० |
| ५ | बैंकिङ्ग | २६.३५ | ५.८२ |
| ६ | अन्य | २६.१३ | ५.७७ |
| ७ | उत्पादन तथा प्रशोधन | २५.४० | ५.६१ |
| ८ | लगानी | १६.८६ | ३.७२ |
| ९ | वित्त | १६.५४ | ३.६५ |
| १० | होटल तथा पर्यटन | ९.७७ | २.१६ |
| ११ | निर्जीवन बीमा | ८.१७ | १.८१ |
| १२ | संस्थापक शेयर | ४.२१ | ०.९३ |
| १३ | ऋणपत्र | २.१८ | ०.४८ |
| १४ | म्युचुअल फण्ड | १.८० | ०.४० |
| १५ | व्यापार | ०.९१ | ०.२० |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | बिक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | १९.७९ | २५.३२ | ४५.११ |
| ४२ | २४.०९ | १८.१६ | ४२.२६ |
| ३४ | १६.२४ | १८.५५ | ३४.७९ |
| ४५ | १६.८२ | १६.८६ | ३३.६९ |
| ४८ | १३.३५ | १६.३५ | २९.७० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | म्युचुअल फण्ड | २०.२८ | ०.१९ |
| २ | उत्पादन तथा प्रशोधन | ८,२८३.२४ | -०.०९ |
| ३ | अन्य | २,३०९.९५ | -०.४२ |
| ४ | बैंकिङ्ग | १,३४६.२४ | -०.४७ |
| ५ | लगानी | १०१.९० | -०.५८ |
| ६ | लघुवित्त | ४,८६७.३५ | -०.६७ |
| ७ | निर्जीवन बीमा | १०,७६७.७२ | -०.८० |
| ८ | जलविद्युत् | ३,३१४.७९ | -०.८६ |
| ९ | व्यापार | ३,७५१.६८ | -१.०१ |
| १० | वित्त | २,२७२.६९ | -१.३४ |
| ११ | विकास बैंक | ५,३८३.९१ | -१.४२ |
| १२ | जीवन बीमा | १३,०६८.९५ | -१.५२ |
| १३ | होटल तथा पर्यटन | ६,८५५.७३ | -१.६३ |

# कालिका लघुवित्तको लाभांश प्रस्ताव

काठमाडौं (अस) । कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडले गत आर्थिक वर्ष २०८१/८२ को मुनाफाबाट कुल १० दशमलव ५३ प्रतिशत लाभांश वितरण गर्ने भएको छ ।

पुस ४ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले हाल कायम चुक्तापूँजी ४० करोड ७६ लाख ९२ हजार रुपैयाँको आधारमा १० प्रतिशत बोनस शेयर र शून्य दशमलव ५३ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने निर्णय गरेको हो ।

प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति र कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि वितरण हुनेछ ।


## एभरेष्ट बैंक लिमिटेडको कोर बैंकिङ्ग प्रणाली (CBS) स्तरोन्नति गर्दा बैंकिङ्ग सेवाहरु अवरुद्ध हुने सम्बन्धी सूचना

उपरोक्त विषयमा यस एभरेष्ट बैंकले हाल प्रयोग गरिरहेको कोर बैंकिङ्ग प्रणाली (CBS- Finacle) मा परिष्कृत सेवा प्रदान गर्न मिति २०८२ पुस १० बाट स्तरोन्नति गर्न लागेको हुँदा तपसिल बमोजिमका सेवाहरु अवरुद्ध हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| मिति | अवरुद्ध हुने सेवाहरु |
|---|---|
| २०८२ पुस १० गते बिहिबार (सार्वजनिक बिदा) देखि पुस १२ गते शनिबार सम्म । | अनलाइन बैंकिङ्ग (Online Banking), मोबाइल बैंकिङ्ग (Mobile Banking) सम्बन्धी सम्पूर्ण सेवाहरु |
| २०८२ पुस ११ गते शुक्रबार । | बैंकका सबै शाखा/काउण्टरहरु (वीरगंज र नेपालगंज भन्सारमा रहेको कार्यालयहरु, ICD/ICP बाहेक), यस बैंकका NCHL ECC, NRB RTGS सेवाहरु पूर्ण रुपमा बन्द रहने |

* माथि उल्लेखित मितिहरुमा एटीएम (ATM/Card), Connnect IPS सेवा नियमित रुपमा सुचारु हुने जानकारी गराउन चाहन्छौं ।
* **उपरोक्त मितिहरुमा भएको उक्त कारोबारहरुको SMS/E-mail alert आउने छैनन् ।**
* मिति २०८२ पुस १३ गते आईतबारदेखि बैंकका सम्पूर्ण सेवाहरु पूर्ण रुपमा संचालनमा आउने जानकारी गराउन चाहन्छौं ।

यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति हामी क्षमाप्रार्थी छौं ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
प्रधान कार्यालय
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४५४३३७७
दिगो, दरिलो र विश्वासिलो



MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रिय कार्यालयः थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०९/०७**

यस वित्तिय संस्थाको नेपालगंज शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथली काठमाडौंमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| | |
|---|---|
| **१. ऋणीको नाम : उप कुमारी योगी**<br>बाबु : रगं बहादुर योगी<br>पती : धन नाथ योगी<br>ना.प्र.नं. : ८५८७<br>जारी मिति : २०४३/०२/१८, जि.प्र.का., बाँके<br>ठेगाना : बाँके जिल्ला वागेश्वरी नगर/गा.पा. वडा नं ०३ को परिवर्तित खजुरा गा.पा. वडा नं ०३ ।<br>**कर्जाको प्रकार : कृषी कर्जा** | **ऋणीको नाम : सुमित्रा योगी**<br>बाबु : टोप बहादुर घर्ती मगर<br>पती : जनक नाथ यागी<br>ना.प्र.नं. : ६६-०१-७३-०३२५७<br>जारी मिति : २०७३/०६/०४, जि.प्र.का., बाँके<br>ठेगाना : बाँके जिल्ला वागेश्वरी गा.वि.स वडा नं ०३ को परिवर्तित खजुरा गा.पा वडा नं ०३ । |
| **व्यक्तिगत जमानिकर्ता : इश्वरी योगी**<br>बाबु : धन नाथ योगी<br>पती : मान बहादुर योगी<br>ना.प्र.नंः ६६१०४०/३२०<br>जारी मिति : २०६५/०९/०१, जि.प्र.का., बाँके<br>ठेगाना : बाँके जिल्ला वागेश्वरी गा.वि.स वडा नं ०३ को परिवर्तित खजुरा गा.पा वडा नं ०३ । | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>उप कुमारी योगीको नाममा मा.पो.का. नेपालगंज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला वागेश्वरी गा.वि.स वडा नं ०३, नक्सा सिट नं. ०३५१२४४ स्थित कि.नं. ८०४ र कि.नं. ७३७ को क्षेत्रफल ८८४.६१ व.मि. र १७८.५० व.मि. को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |

**२. (क) ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य आपुर्ती तथा उपभोक्त संरक्षण विभाग, वाणिज्य आपुर्ती तथा उपभोक्त संरक्षण कार्यालय, नेपालगंज, बाँकेमा मिति २०६०/०२/२९ गते, प्रा.फ.र.नं. १२२५४/०५९/०६० भई, स्थायी लेखा नं. ३०१५७५६६९ भई बाँके जिल्ला नेपालगंज उ.म.न.पा. वडा नं. १६ स्थित रजिष्टर्ड कार्यालय रहेको **कुरैसी अर्डर एण्ड सप्लायर्स ।**
**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**
**(ख) ऋणीको नाम : कयुम कुरैसी, कर्जाको प्रकार : व्यक्तिगत आवधिक कर्जा**

| | |
|---|---|
| **प्रोप्राईटर/ऋणी/व्यक्तिगत जमानिकर्ता : कयुम कुरैसी**<br>बाबु : बन्वीर कुरैसी<br>बाजे : शरीफ कुरैसी<br>ना.प्र.नं. : ८७१३<br>जारी मिति : २०५७/१०/०३, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला जैसपुर उ.म.न.पा/गा.वि.स. वडा नं. ६ । हाल : बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. १६ । | **व्यक्तिगत जमानिकर्ता : सोनु चिकवा**<br>बाबु : मो. सलिम चिकवा<br>बाजे : रमजान चिकवा<br>ना.प्र.नं. : ६६३०३१/३९३<br>जारी मिति : २०७०/०२/०३, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला जैसपुर उ.म.न.पा/गा.वि.स. वडा नं. ८ । हाल : बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. १६ । |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
कयुम कुरैसीको नाममा मा.पो.का. नेपालगंज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, पिप्रहवा गा.वि.स./न.पा. वडा नं. ०४, नक्सा सिट नं. ०३५१५६८ स्थित कि.नं. ४२२ को क्षेत्रफल क्रमश २०५.०० व.मी. को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरुः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सुचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फाराममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
**मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय थापाथली, काठमाडौं**
**समय : दिउँसो ४:०० बजे, मितिः २०८२/०९/१४ गते**



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, भैरहवा शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०९/०७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल मंसिर महिना ३ गतेको "नागरिक" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल वैशाख महिना २७ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सार्वजनिक सूचना** तथा **मिति २०८२ साउन २७ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुकान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना :**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २४८९०६/०७७/०७८ कायम भई मिति २०७७/०८/१८ मा दर्ता भएको कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. १३ स्थित **सनमून कृषि फार्म प्रा.लि.** ।

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. नर प्रसाद बिमलीको छोरी, थानेश्वर सापकोटाको श्रीमती, सुनसरी जिल्ला, दुहवी गा.वि.स/उ.म.न.पा वडा नं. ०५ बस्ने **प्रतिभा बिमली** ।
२. नरिश्वर सापकोटाको नाती, पुनाराम सापकोटाको छोरा, कपिलवस्तु जिल्ला, बाणगंगा उ.म.न.पा/गा.वि.स वडा नं. ०६ बस्ने **थानेश्वर सापकोटा** ।
३. प्रेम बहादुर ज्योतिको छोरी, बिबि लाल पाख्रिनको श्रीमती, पर्सा जिल्ला, ठोरी उ.म.न.पा/गा.वि.स. वडा नं. ०९ बस्ने **समिता कुमारी ज्योती** ।
४. लखन सिंह पाख्रिनको नाती, हर्क बहादुर पाख्रिनको छोरा, पर्सा जिल्ला, सुवर्णपुर उ.म.न.पा/गा.वि.स. वडा नं. ०८ बस्ने **बिबि लाल पाख्रिन** ।

**धितो सुरक्षणको विवरण :**

**सनमून कृषि फार्म प्रा.लि.**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, गोबरी गा.वि.स./न.पा. वडा नं. ४ स्थित नक्सा सिट.नं. ४ को कित्ता नं. १७१२ र १७६६ को क्रमशः १-३-१० र ०-१६-१० (बि.क.धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा भैरहवा शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल पौष महिना १३ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल पौष महिना १६ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## हिमगिरी हाइजिन लिमिटेडको

## वार्षिक साधारण सभाको सूचना

**पहिलो पटक प्रकाशित मिति २०८२।०९।०७ गते**

यस लिमिटेडको मिति २०८२।०९।०६ गते आइतबार बिहानको ११:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न मिति, समय र स्थानमा यस लिमिटेडको वार्षिक साधारण सभामा बसी देहाय बमोजिमका विषयहरुमा छलफल र निर्णय गर्ने भएको हुदाँ शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२/०९/२८ गते सोमबार (१२, जनवरी २०२६)
**समय :** दिनको ३:०० बजे ।
**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय मोरङ जिल्ला बिराटनगर महानगरपालिका वडा नं. ७

**प्रस्तावहरु :**

**क. सामान्य प्रस्ताबहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने ।
३. आ.व.०८२/०८३ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम हाल कायम चुक्ता पूँजीको २० प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकूत प्रदान गर्ने सम्बन्धमा ।

**ख. विषेश प्रस्ताबहरु :**

१. सञ्चालक समिति गठन गर्ने सम्बन्धमा ।
२. नियमन निकायहरुबाट कुनै थपघट वा संसोधन गर्न निर्देशन भएमा आवश्यक संसोधन तथा परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्न सभाबाट स्वीकृत प्रदान गर्न ।

**ग. विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**